Office of Human Resources
UNIVERSITY OF WISCONSIN–MADISON

## *Workday* को व्यक्तिगत रूपको कर्मचारी तालिम

## जुलाई २१ – अगस्ट ८, २०२५

यदि तपाई काममा कम्प्युटर नचलाउनुहुने कर्मचारी हुनुहुन्छ भने, कृपया आफ्नो सुपरभाईजर वा स्थानीय *HR* कार्यालयलाई यस महत्त्वपूर्ण *Workday* तालिममा भाग लिन सोध्नुहोला।

*UW–Madison* ले तीन भागको व्यक्तिगत रूपको *Workday* तालिम श्रृंखला प्रदान गर्दैछ। कर्मचारीहरूले कम्प्युटर र स्मार्टफोनमा कसरी *Workday* चलाउने सिक्नेछन्।

- तपाईंलाई आफ्नो कामको समयमा यी तालिममा भाग लिन प्रोत्साहन गरिन्छ।
- कर्मचारीहरूलाई तालिममा भर्ना गरिनेछ। आफ्नो सुपरभाईजर वा स्थानीय *HR* लाई आफ्नो रुचाइको भाषा कुन हो थाहा दिनुहोला।
- तपाईंले भाग लिनुभयो भने बिदा लिनुपर्दैन।

तालिम दिन, दोस्रो र तेस्रो शिफ्टहरूका लागि प्रदान गरिनेछ। उपस्थिति मानव संसाधन कार्यालयले ट्र्याक गर्नेछ। विभागहरूले यस तालिमलाई अनिवार्य बनाउन सक्नेछन्।

तालिम अङ्ग्रेजी, स्पैनिश, मङ, तिब्बती, चिनियाँ र नेपाली भाषाहरूमा उपलब्ध हुनेछन्।

- **तालिम भाग १ (जुलाई २१ – २५):** लग इन गर्ने, तलब र बिदाहरू हेर्ने
- **तालिम भाग २ (जुलाई २८ – अगस्ट १):** *W2*, *W4* र सुविधाहरू अपडेट गर्ने
- **तालिम भाग ३ (अगस्ट ४ – अगस्ट ८):** आन्तरिक कार्यपदहरूमा आवेदन भर्ने, एकमुष्ट रकमहरू स्वीकार गर्ने

**हरेक तालिममा के लिएर आउने:**

- *Wiscard*
- *NetID* लग इन र पासवर्ड (यी कार्यक्रमहरूमा आउनु अघि कर्मचारीहरूलाई *MyUW* मा लग इन गर्न सिक्न प्रोत्साहन गरिन्छ)
- अनिवार्य छैन: स्मार्टफोन (यदि तपाईंलाई मोबाईलमा *Workday* चलाउन मन भएमा)

**के उपस्थित हुन तपाईंलाई सहायताको आवश्यकता छ ?**

यदि तपाईंलाई *ASL* (अमेरिकी साङ्केतिक भाषा) अनुवादन वा अन्य सहायताको आवश्यकता छ भने, सक्नुभएसम्म चाँडो accesscenter@ohr.wisc.edu मा ईमेल पठाउनुहोला। अनुरोधहरू कार्यक्रम भन्दा दुई हप्ता अघि गर्नुपर्ने हुन्छ। हामी त्यस म्याद पछि तपाईंको अनुरोधहरूलाई पूरा गर्न खोज्नेछौं तर ग्यारेन्टी दिन सक्दैनौं।

*सबै Universities of Wisconsin संकाय र कर्मचारीहरूले आफ्ना self-service कामहरूका लागि Workday चलाउने छन्। कम्प्युटर चलाउने सुपरभाईजर र कर्मचारीहरूका लागि अनलाईन Workday तालिम मे ६ मा शुरू हुनेछन्।*